नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय

## केन्द्रीय अनुसन्धान ब्यूरो

(प्रशासन शाखा)

फोन: ०१-४४११७७६

मोबाईल नं.: ९८५१२८३१४०

फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७

महाराजगञ्ज, काठमाडौं ।

### प्रेस विज्ञप्ती- ७९

### "कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ"

मिति २०६६/०२/२६ गते जिल्ला मनाङ, नार गा.बि.स. को घाङराङ लेकमा यार्सागुम्बा (कीरा) टिप्न गएका गोरखा जिल्ला स्थित केजौराका बासिन्दा ज्ञान बहादुर गुरुङ, कामी गुरुङ्, कान्छा गुरुङ्, बीर गुरुङ्, ध्रुव बहादुर गुरुङ, आइतराम गुरुङ, सोभर गुरुङ समेतका ७(सात) जना ब्यक्तिहरुलाई सो स्थानमा यार्सागुम्बा टिपेको रिस साध्न स्थानीय जिल्ला मनाङ साविक नार गा.बि.स. वडा नं. ७ को परिवर्तित नार्फु गा.पा. वडा नं. ३ बस्ने फुञ्जोवाङ्दी लामा समेतका ब्यक्तिहरुको समूह (नार वासीहरू)ले मिति २०६६/०२/२७ गते गते घेरा हाली ढुङ्गा, मुढा, लाठी र धारिलो हतियार समेतले प्रहार गरी मारी ज्ञान बहादुर गुरुङ र सोभर गुरुङलाई भिरबाट फालेको र बाँकी ५ (पाँच) जनाको शव गाडेको, प्रहरी अनुसन्धानको क्रममा प्रतिवादी सोनाम खाम्सुङ घले समेतलाई प्रहरीले पक्राउ गरेपछी बाँकी फरार प्रतिवादीहरुले प्रमाण नष्ट गर्ने उदेश्यले मृतक लाशहरू पुरी राखेको खाडलबाट शव निकाली टुक्रा-टुक्रा पारी प्लाष्टिकको बोरामा हाली फुबाट बग्ने खोलामा फाली दिएको भन्ने कर्तब्य ज्यान मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट १०(दश) बर्ष कैद सजाय हुने ठहर भएका प्रतिवादी फुञ्जोवाङ्दी लामालाई यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले आज मिति २०७९/१२/२१ गते सुन्धारा, काठमाडौंबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरेकोमा कैद भुक्तानको लागि निजलाई आजै कारागार कार्यालय डिल्लीबजारमा पठाईइएको ब्यहोरा सूचित गरिन्छ।

**पक्राउ प्रतिवादी:**

| | |
|---|---|
| **नाम:** | फुञ्जोवाङ्दी लामा |
| **उमेर:** | ४० बर्ष। |
| **ठेगाना:** | जिल्ला मनाङ साविक नार गा.बि.स. वडा नं. ७ को परिवर्तित नार्फु गा.पा. वडा नं. ३ बस्ने |
| **मुद्दा:** | कर्तव्य ज्यान (०७१-सिआर-१३३८) |
| **सजाय:** | १० (दश) बर्ष कैद। |
| **फैसला मिति:** | २०७५/०९/०१ गते |
| **फैसला गर्ने:** | सर्वोच्च अदालत |
| **पक्राउ मिति:** | २०७९/१२/२१ गते। |
| **पक्राउ स्थान:** | सुन्धारा, काठमाडौं। |



**प्रहरी उपरीक्षक**

(नवराज अधिकारी)

सम्पर्क नम्बर:९८५१२९१३११

मिति २०७९/१२/२१ गते ।